# स्थानीय राजपत्र

## जानकी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ७ संख्या : ८ मिति २०८०/९ /२४

भाग-२

### जानकी गाउँपालिका अन्तर्गतका नदीजन्य पदार्थ उत्खनन, व्यवस्थापनका कार्यमा मेसिनरी उपकरण प्रयोग तथा नियमन सम्बन्धी कार्यविधि, २०८०

प्रमाणीकरण मिति : २०८०/०९ /२३

प्रस्तावना : जानकी गाउँपालिका क्षेत्रका नदी किनारा तथा घाटहरूबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) दिगो व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ घ. को उपदफा (६) तथा दफा ११ प. को उपदफा (७) तथा ढुङ्गा, गिट्टी, वालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा (४) बमोजिम नदी किनारा तथा प्राकृतिक नदीजन्य पदार्थ व्यवस्थापनका सम्बन्धमा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन, सोको आवश्यकता र औचित्यका आधारमा मेसिनरी उपकरण प्रयोग सम्बन्धी कार्य व्यवस्थित गर्न गराउन साथै विपद्जन्य अवस्थामा ढुङ्गा, गिट्टी, वालुवा, पहिरोजन्य लगायतका सामाग्रीहरूको

व्यवस्थापन गर्न वान्छनीय भएकोले जानकी गाउँपालिका अन्तर्गत नदीजन्य पदार्थ उत्खनन् व्यवस्थापनका कार्यमा मेसिनरी उपकरण प्रयोग तथा नियमन सम्बन्धी कार्यविधि, २०८० बनाइ लागू गरीएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम जानकी गाउँपालिका क्षेत्रका नदी किनारा तथा घाटहरूबाट नदीजन्य पदार्थ व्यवस्थापनका सम्बन्धमा मेसिनरी उपकरण प्रयोग तथा नियमन सम्बन्धी कार्यविधी, २०८० रहेको छ।

(२) यो कार्यविधि जानकी गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

(३) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागू हुनेछ।

२.परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ।

(ख) "नदीजन्य पदार्थ" भन्नाले नदी, खोला, खोल्सी, खहरे, बाढी पहिरोले बगाई ल्याएको, खोल्सा र खहरेको किनार तथा आसपासका बनक्षेत्र, सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजि जग्गामा थेग्रिएको ढुङ्गा, ग्रावेल, बालुवा, गिट्टी, भस्कट, मिस्कट, गेग्रान, माटो सम्झनु पर्छ।

(ग) "ढुंगा, गिट्टी, वालुवा, माटो, चट्टान, दहत्तर, बहत्तर" भन्नाले नदी, खोला, खोल्सी, वन क्षेत्र, वा सार्वजानिक वा निजी जग्गा वाट उत्खनन् वा संकलन गरिने बहुमुल्य पत्थर, ऐतिहासिक र साँस्कृतिक महत्वका शालीग्राम, शीला र अति मूल्यवान वस्तु बाहेकका ढुङ्गा, गिट्टी, वालुवा रोडा, गेग्रान, चट्टान, माटो जस्ता नदीले बगाई ल्याएको वा थिग्रिएको नदी तथा खानीजन्य प्राकृतिक स्रोतलाई सम्झनु पर्दछ।

(घ) "गाउँ कार्यपालिका" भन्नाले जानकी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ङ) "मेसिनरी उपकरण" भन्नाले नदीजन्य प्राकृतिक पदार्थहरू उत्खनन् तथा संकलनका लागि प्रयोग गरिने एक्साभेटर, व्याकहोल लोडर वा सोही प्रकृतिका अन्य उपकरणलाई सम्झनु पर्दछ।

(च) "प्रस्ताव" भन्नाले विद्यामान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको स्थानीय कानून बमोजिम संचालन गरिने वा अनुमति प्राप्त विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ

(छ) "प्रस्तावक" भन्नाले प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्ध सरकारी वा गैर सरकारी निकाय वा योजनालाई सम्झनु पर्छ।

(ज) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ।

(झ) "अनुगमन समिति" भन्नाले दफा ८ बमोजिमको अनुगमन समिति सम्झनु पर्दछ।

३. मेसिनरी औजारको प्रयोग सम्बन्धि शर्त तथा मापदण्डहरू :

(१) बाढी पहिरो भूक्षय जस्ता अन्य प्राकृतिक विपदको कारण जम्मा भएको पदार्थहरू जोखिम न्यूनीकरण हटाउनु पर्ने अवस्था उत्पन्न भएमा जिल्ला विपद व्यवस्थापन समितिको सिफारिसमा यसै कार्यविधि बमोजिम प्रयोग गर्न सकिनेछ।

(२) नदीजन्य पदार्थहरू उत्खनन् तथा संकलन गर्दा श्रममुलक प्रविधिको प्रयोग गरिने छ। तर नदीजन्य पदार्थहरूको थेग्रान, ढिस्का आदिका कारण प्राकृतिक बहाब परिवर्तन हुने जोखिम उत्पन्न हुने अवस्थामा मेसिनरी उपकरण प्रयोग गरी हटाउनु पर्ने भएमा तथा नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्दा नदीका प्राकृतिक बहावलाई असर नपर्ने, आसपासका खेती योग्य जग्गा जमिनलाई सुरक्षित राख्नका लागि उपयुक्त परिमाणमा मात्र उत्खनन् गर्न स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएका शर्त तथा मापदण्डको अनिवार्य पालना गर्ने गरी उत्खनन् तथा संकलन स्थलको आयतन, गहिराई, परिमाण, तल्लो तथा माथिल्लो बिन्दु खुलेको जि पि एस नक्सा प्रयोग हुने मेसिनरी साधनको विवरण सहित तोकीएको मापदण्ड पालना गर्ने स्वघोषणा र स्पस्ट उत्खनन् कार्ययोजना लगायत मेसिनरी उपकरणको प्रकार, संख्या र प्रयोग गर्नुपर्ने समय सिमा लगायत अन्य आवश्यक कागजात सहित अनुमतिका लागि अनुसुची १ बमोजिम निवेदन दिनु पर्ने छ।

(३) गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका तथा सञ्चालन हुने गाउँस्तरिय, प्रदेश तथा राष्ट्रिय गौरवका योजनाहरूलाई आवश्यक पर्ने नदीजन्य पदार्थहरू ढुङ्गा, गिट्टी, बालुवा लगायतका पदार्थ सहज र व्यवस्थित रूपले उपलब्ध गराउन आवश्यक भएमा समेत त्यस्तो आयोजनाहरूले स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा अनुसुची -२ बमोजिम अनुमति लिनु पर्नेछ।



CamScanner

(४) उपदफा (३) बमोजिम चुरे संरक्षण क्षेत्र अन्तर्गत पर्ने नदी घाटहरूबाट राष्ट्रिय गौरवका योजनाहरूलाई आवश्यक पर्ने नदीजन्य पदार्थहरू ढुङ्गा, गिट्टी, बालुवा व्यवस्थित रूपले उपलब्ध गराउन आवश्यक भएमा अनुसुची-२ बमोजिम अनुमति लिनु पर्नेछ। साथै राष्ट्रपति चुरे संरक्षण विकास समितिको शर्त तथा मापदण्डको अनिवार्य रूपमा पालना हुने गरी उत्खनन् अनुमति प्रदान गर्न सकिनेछ।

(५) उपदफा (२) र उपदफा (४) बमोजिम प्राप्त निवेदन उपर विषय विज्ञ सहितको गाउँपालिकाको स्थानीय अनुगमन समितिले आवश्यक छानविन, स्थलगत अनुगमन गरी प्राप्त प्रतिवेदनका आधारमा कार्यपालिकाको बैठकले निश्चित समय सीमा तथा मापदण्ड तोकी अनुसुची २ बमोजिम अनुमती प्रदान गर्न सक्ने छ।

(६) उपदफा (४) बमोजिम उत्खनन् तथा संकलन अनुमति प्राप्त आयोजनाले उत्खनन् भएको परिमाण सहित दैनिक प्रतिवेदन तयार गरी साप्ताहिक रूपमा गाउँपालिकामा बुझाउनु पर्नेछ।

(७) उपदफा (३) बमोजिम राष्ट्रिय गौरवका योजनाहरूलाई संकलित प्राकृतिक पदार्थहरू अन्य प्रयोजनका लागि प्रयोग गर्न पाईने छैन। सो भएको पुष्टी भएमा नियमानुसार जरिवाना गरि सम्वन्धित आयोजनावाट असुलउपर गरिनेछ।

४. मेसिनरी औजार प्रयोग सम्बन्धी अन्य मापदण्डहरू :

(१) असार, श्रावण र भाद्र बाहेक महिनाहरूमा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (IEE) मा उल्लेखित तथा सम्झौता अवधिभर प्राविधिक नापजाँच समेतका आधारमा तोकिएका मापदण्ड अनुरूप नदिजन्य पदार्थ संकलन गर्न सकिने छ। तोकिएको क्षेत्रबाट नदीजन्य सामाग्री संकलन र उत्खनन् कार्य सामान्यतया हाते औजारहरू जस्तै कुटो, कोदालो, गैचि, साबेल आदिबाट गरिनेछ। नदीका प्राकृतिक बहावमा प्रतिकूल असर नपर्ने र बहावमा परिवर्तन हुने गरी कुनै पनि किसिमले संकलन र उत्खनन् कार्य गर्न पाईने छैन। गाउँपालिकाका राजश्व संकलन कार्यलाई थप व्यवस्थित गर्न, आयोजनाहरू सञ्चालन कार्यलाई थप गति प्रदान गर्न वातावरणीय दृष्टिबाट कुनै पनि नकारात्मक प्रभाव पर्न नदिने गरी नदी घाट क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्नका लागि स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (IEE) अनुरूप प्रकृया र विधि बमोजिम नदीजन्य पदार्थ संकलन/उत्खनन्



CS CamScanner

गर्ने कार्यमा मेसिनरी उपकरण प्रयोग गर्न सकिने व्यवस्था मिलाउनु पर्नेछ। नदीका प्राकृतिक बहावमा प्रतिकूल असर नपर्ने र बहाव परिवर्तन नहुने गरी तपशिलका अवस्थामा नदी क्षेत्रमा मेसिनरी उपकरण प्रयोग गर्न ईजाजत दिन सकिनेछ।

(क) बाढी, पहिरो तथा जलउत्पन्न प्रकोपको खतरा देखिएको अवस्थामा विपद ब्यबस्थापन समितिको सिफारिसमा उक्त क्षेत्रको पदार्थ हटाउन।

(ख) गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका तथा सञ्चालन हुने गाउँस्तरिय, प्रदेश तथा राष्ट्रिय गौरवका योजनाहरूलाई आवश्यक पर्ने नदीजन्य प्राकृतिक पदार्थहरू स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (IEE) मा उल्लेख भए बमोजिमका परिमाणका उपलब्ध गराउन।

(२) नदीजन्य पदार्थ संकलन र उत्खनन कार्यमा मेशनिरी उपकरणको प्रयोग गर्दा देहाय बमोजिमका प्रक्रिया अनिवार्य रूपमा पुरा गर्नुपर्नेछ।

(क) गाउँस्तरिय अनुगमन समितिले तोकिएको क्षेत्र र परिमाण सम्म मात्र उत्खनन/संकलन गर्ने गरी स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (IEE) बमोजिम मेशनिरी उपकरणको प्रयोग गर्न र त्यसरी प्रयोग गर्ने उपकरणको कागजात र नम्बर अनिवार्यरूपमा गाउँपालिकामा पेश गरी गाउँपालिकाले जिल्ला अनुगमन तथा समन्वय समितिमा जानकारी गराई अभिलेखीकरण गरेको हुनुपर्नेछ।

(ख) बुँदा नं. (क) बमोजिम स्वीकृति दिंदा सामग्री संकलन गर्ने क्षेत्र, विधि तथा परिमाण खुलाएको हुनुपर्नेछ।

(ग) पानीको बहाव भित्रबाट नदीजन्य पदार्थ उत्खनन्/संकलन गर्न पाईन छैन।

(घ) उत्खनन् स्थलमा उत्खनन् सम्बन्धी सम्पूर्ण विवरण खुल्ने गरी होडिङ्गबोर्ड राख्नु पर्नेछ।

(ङ) गाउँपार्लिको स्वीकृति नलिई कसैले उत्खनन्/संकलन क्षेत्रमा मेसिनरी औजार प्रवेश गराउन पाउने छैन।

(च) रातीका समयमा मेसिनरीका प्रयोग गरी वा नगरी कुनै पनि बिधिबाट सामग्री संकलन गर्न पाईनेछैन।

(छ) नदी क्षेत्रमा मेशिन प्रयोग स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (IEE) उल्लेखित क्षेत्रमा उत्खनन् कार्ययोजनामा उल्लेखित संख्यामा मात्र मेसिनरी औजार प्रवेशको स्वीकृति दिन व्यवस्था गाउँपालिकाले मिलाउने छ।

(ञ) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (IEE) मा तोकिएका दैनिक उत्खनन् गर्न पाउने परिमाण भन्दा वढी उत्खनन् गर्न पाईने छैन ।

(ट) माथि उल्लेख गरिएका विषयहरूको हकमा सोहि बमोजिम हुने तथा नदीजन्य पदार्थको संकलन तथा व्यवस्थापनका सम्बन्धमा स्थानीय कानून एवं जिल्ला, प्रदेश र संघीय कानुनमा उल्लेख भए बमोजिम कार्य सन्चालन हुने गरी गाउँपालिकाले जुनसुकै बेलामा गरेको निर्णय र दिएको आदेश निर्देशन एवं राय सुझावहरूलाई सम्बन्धित पक्षले अनिवार्य रूपमा पालना गर्नु पर्ने छ ।

५. संबेदनशिल क्षेत्रमा प्रयोग गर्न नहुने : (१) दफा ३ बमोजिम अनुमति प्राप्त भएको अवस्था वाहेक गाउँपालिका क्षेत्र अन्तर्गतका सामुदायिक वन, सार्वजानिक महत्वका क्षेत्र तथा अन्य सम्वेदनशिल क्षेत्र भनी तोकिएका क्षेत्र भित्र प्रयोग गर्न पाईने छैन ।

(२) अनुसुची २ वमोजिम अनुमति प्राप्त आयोजनाहरूले नदी तटिय क्षेत्र भण्डारण तथा अन्य स्थानमा घाटगद्दी गर्न पाईने छैन ।

६. मेसिनरी उपकरण प्रयोग गरी गरिने उत्खनन् कार्य योजना (Excavation Plan) पेश गर्नु पर्ने : नदीजन्य पदार्थ उत्खनन् गर्न गाउँपालिकाबाट स्वीकृती प्राप्त व्यक्ति तथा संस्थाले यथा सम्भव भारी मेसिनरी औजारको प्रयोग नगरी सामान्य औजार उपकरणहरू प्रयोग गरेर उत्खनन् गर्नु पर्नेछ ।मेशीन उपकरण प्रयोग गरी उत्खनन् गर्दा गाउँपालिकामा कार्ययोजना बनाई पेश गर्नुपर्नेछ ।

७. कार्ययोजना नमुना फाराम :

| क्र.सं. | विवरण | व्यहोरा/ किसिम/ परिमाण | कैफियत |
|---|---|---|---|
| १. | मेसिनरी उपकरणको किसिम | | |
| [illegible] | प्रयोग हुने मेसिन उपकरणको सङ्ख्या | | |
| ३. | प्रयोग हुने क्षेत्र | | |
| ४. | प्रयोग गर्ने कारण | | |
| ५. | प्रयोग गर्ने समय | | |
| ६. | प्रयोग [illegible] | | |

| | | | |
|---|---|---|---|
| ७. | प्रयोग गर्ने विधि र प्रक्रिया | | |
| ८. | अधिकतम गहिराई, लम्बाई र चौडाई | | |
| ९. | चेनएज | | |
| १०. | उत्खनन् संकलन हुने अनुमानित परिमाण घ.मि. (मासिक) | | |
| ११. | मुख्य बस्ती देखि मेसिन उपकरण प्रयोग गर्ने क्षेत्रसम्मको औषत दूरी | | |
| १२. | स्थानीय सडक देखि मेसिन उपकरणको प्रयोग गर्ने क्षेत्रसम्मको औषत दुरी | | |
| १३. | अन्य संवेदनशील क्षेत्र भए उल्लेख गर्ने | | |

**८. अनुगमन तथा निरीक्षण : (१)** जानकी गाउँपालिका क्षेत्रका नदी किनारा तथा घाटहरूबाट नदीजन्य पदार्थ व्यवस्थापनका सम्बन्धमा सम्बन्धित नदी, घाट तथा पहिरोजन्य स्थानहरूको अनुगमन तथा नियमन तपसिल बमोजिम गठित समितिबाट हुनेछ ।

| | |
|---|---|
| गाउँपालिकाका उपाध्यक्ष | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| वन वातारण तथा विपद् व्यवस्थापन समितिको संयोजक | सदस्य |
| सम्वन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| प्रशासन शाखा प्रमुख | सदस्य |
| पूर्वाधार शाखा प्रमुख | सदस्य |
| राजश्व शाखा प्रमुख | सदस्य-सचिव |

अनुगमन प्रतिवेदन जानकी गाउँपालिकामा पेश गरी सोको जानकारी जिल्ला अनुगमन तथा समन्वय समिति समक्ष पठाउनु पर्नेछ । साथै आवश्यकता अनुसार जिल्ला अनुगमन समिति तथा अन्य सरोकारवाला निकायले पनि अनुगमन गर्न सक्नेछ ।



CamScanner

(२) अनुगमनको चेक लिष्ट अनुसूची - ३ बमोजिम हुनेछ ।

९. निषेधित कार्यहरू : (१) यस कार्यविधि बमोजिम देहायका कार्यहरू निषेधित गरिएको छ ।

(२) प्रारम्भिक वातावरणीय परीक्षण वा प्राविधिक परीक्षण प्रतिवेदन स्वीकृत नगरी सार्वजनिक खोला नदीजन्य पदार्थ ढुंगा, माटो, गिट्टी, बालुवा, दहत्तर, बहत्तर उत्खन्न संकलन तथा भण्डारण गर्न नपाइने ।

(३) स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तथा अनुमति प्रदान गर्दाका बखतका शर्त तथा मापदण्ड उल्लंघन गर्न नहुने ।

(४) अनुमति विपरित उत्खनन् तथा स्वीकृत प्राप्त भएको भन्दा बढी र अन्य स्थानबाट उत्खनन् संकलन तथा ढुवानी गर्न नहुने ।

१०. दण्ड सजायको व्यवस्था : दफा ९ को उपदफा (२), (३) र (४) मा उल्लेखित निषेधित कार्य गरेमा गाउँ कार्यपालिकाको निर्णय तथा जिल्ला अनुगमन तथा समन्वय समितिबाट निर्धारण गरे बमोजिमको दररेटमा दण्ड जरिवाना तथा सामाग्री जफत गर्न आदेश दिईनेछ ।

११. थपघट तथा हेरफेर : यो कार्यविधि आवश्यकता अनुसार गाउँ कार्यपालिकाबाट थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

१२. बाधा अड्काउ फुकाउ : यो कार्यविधिको कार्यान्वयनका क्रममा कुनै बाधा अड्काउ आइपरेमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।



CamScanner

अनुसूची-१

दफा ३ को उपदफा (२) सँग सम्बन्धित

(मेसिनरी उपकरण प्रयोगका लागि अनुमति माग गर्ने निवेदन)

मिति :

श्रीमान् अध्यक्षज्यू,
जानकी गाउँपालिका,
दुर्गौली, कैलाली ।

**विषय : अनुमति पाउँ भन्ने बारे ।**

महोदय,

प्रस्तुत विषयमा ...............................बाट सञ्चालित ................................................ योजनाका लागि आवश्यक पर्ने नदीजन्य पदार्थ उत्खनन् तथा संकलनका लागि मेसिनरी उपकरण प्रयोग गर्नुपर्ने भएकोले नियमानुसार मेसिनरी उपकरण प्रयोगको अनुमति प्रदान गरिदिनु हुन आवश्यक कागजपत्र सहित यो निवेदन पेश गरेको छु ।

१. योजनाको नाम :

२. योजना कार्यान्वयन गर्ने व्यवसायीको नाम र ठेगाना :

३. योजनाको लागत :

४. योजना सम्पन्न हुने अनुमानित मिति :

५. योजनाका लागि आवश्यक पर्ने नदीजन्य पदार्थको अनुमानित परिमाण :

६. पायक पर्ने नजिकको उत्खन्न तथा संकलन स्थान :

७. उत्खन्न तथा संकलनका लागि प्रयोग हुने मेसिनरी उपकरणको प्रकार र संख्या

८. ढुवानीका लागि प्रयोग हुने सवारी साधन संख्या र प्रयोग हुने सवारी साधनको ब्लु बुक र सवारी लाईसेन्सको प्रमाण पत्र :

९. अनुगमन कार्यतालिका सहित तोकिएको मापदण्ड पालना गर्ने स्वघोषणा:

१०. उत्खनन् कार्ययोजना :

११. अन्य आवश्यक कागजातहरू :



CamScanner

उत्खनन् कार्ययोजना

| क्र.सं. | विवरण | व्यहोरा/किसिम/परिमाण | कैफियत |
|---|---|---|---|
| १. | मेसिनरी उपकरणको किसिम | | |
| २. | प्रयोग हुने मेसिन उपकरणको सङ्ख्या | | |
| ३. | प्रयोग हुने क्षेत्र | | |
| ४. | प्रयोग गर्ने कारण | | |
| ५. | प्रयोग गर्ने समय | | |
| ६. | प्रयोग गर्ने महिना | | |
| ७. | प्रयोग गर्ने विधि र प्रक्रिया | | |
| ८. | अधिकतम गहिराई, लम्बाई र चौडाई | | |
| ९. | चेनएज | | |
| १०. | उत्खनन् संकलन हुने अनुमानित परिमाण घ.मि. (मासिक) | | |
| ११. | मुख्य बस्ती देखि मेसिन उपकरण प्रयोग गर्ने क्षेत्रसम्मको औषत दूरी | | |
| १२. | स्थानीय सडक देखि मेसिन उपकरणको प्रयोग गर्ने क्षेत्रसम्मको औषत दुरी | | |
| १३. | अन्य संवेदनशील क्षेत्र भए उल्लेख गर्ने | | |

**निवेदकको हस्ताक्षर**

**नाम :**...............................................

**ठेगाना :**...............................................

**फर्म कम्पनीको छाप :**...............................................

**सम्पर्क नं. रु:**...............................................

# अनुसूची-२

## दफा ३ को उपदफा (५) संग सम्बन्धित

(भारी उपकरण प्रयोग गरी नदीजन्य प्राकृतिक पदार्थ व्यवस्थापन गर्दा सहमति दिने विवरण)

**नदी/घाटको नाम :**

**ठेगाना :**

**उत्खनन्, संकलनकर्ता/व्यवसायी कम्पनि:**

| क्र.सं. | विवरण | | पहिलो स्थान | दोस्रो स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १. | भारी उपकरण प्रयोग गर्ने स्थानको विवरण | तल्लो विन्दु | | | IEE प्रतिवेदन वा प्राविधिक प्रतिवेदनले निर्धारण गरेको परिधिभित्र |
| | | माथिल्लो विन्दु | | | |
| | | लम्बाई | | | |
| | | चौडाई | | | |
| | | गहिराई | | | |
| | | ढुंगा,ग्रावेल,वालुवा | | | |
| २. | नदीजन्य पदार्थ उत्खनन/संकलनको अवस्था | सहमति दिईएको परिमाण | | | IEE प्रतिवेदन वा प्राविधिक प्रतिवेदनले निर्धारण गरेको परिमाण नवढ्ने गरी |
| | | हालसम्म उत्खन्न परिमाण | | | |
| | | वाँकी परिमाण | | | |
| ३. | प्रयोग गरिने भारी उपकरणको विवरण | संख्या | | | |
| | | नाम | | | |
| | | भार | | | |
| | | नम्वर | | | |
| ४. | पहुँचमार्ग | | | | |
| ५. | भारी उपकरण प्रयोग गर्ने समय अवधि | समय अवधि | | | |
| | | प्रतिदिन | | | |
| | | समय | | | रातको समयमा नगर्ने |
| ६. | सुपरभिजन तथा समन्वय | प्राविधिक/कर्मचारी/प्रतिनिधि | | | |
| | | स्थानीय समुदायबाट प्रतिनिधि | | | |
| ७. | अनुगमन संयन्त्र | नदीजन्य अनुगमन समिति | | | |
| ८. | रिपोर्ट गर्ने तरिका र विधि | | | | |
| ९. | अन्य | | | | |



CamScanner

## अनुसूची-३

## दफा ८ को उपदफा (२) सँग सम्बन्धित

(जानकी गाउँपालिका अनुगमन समितिबाट अनुगमन गर्दा प्रयोग हुने अनुगमन चेक लिष्ट)

**नदी/घाटको नाम :**

**ठेगाना :**

**उत्खनन्, संकलनकर्ता/व्यवसायी कम्पनी :**

| क.सं. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १. | मेसिन उपकरणको प्रयोग (सम्झौता अनुसार) | | |
| २. | प्रयोग भएका मेसिनको सङ्ख्या (सम्झौता अनुसार) | | |
| ३. | प्रयोग गर्ने क्षेत्र पालना भएको | | |
| ४. | उत्खनन, संकलन, ढुवानीको समय पालना भएको | | |
| ५. | तोकिएको अधिकतम नापको मापदण्ड पालना भएको | | |
| ६. | उत्खनन्, संकलनको अधिकतम परिमाण पालना भएको | | |
| ७. | जम्मा गर्ने काम नदी/ खोला तटीय क्षेत्रमा नगर्ने विषय पालना भएको | | |
| ८. | दैनिक उत्खनन-/संकलन अभिलेख | | |
| ९. | दैनिक बिक्रि ढुवानी तेरिज | | |
| १०. | उत्खनन्, संकलनको परिमाण, चारकिल्लाको रेखांकन सहितको नाप नक्सा राखेको | | |
| ११. | पहँचमार्गमा धुलो उड्न नदिन दैनिक पानी छर्किने प्रवन्ध | | |
| १२. | उत्खनन् संकलन स्थलमा काम गर्ने कामदारको लागि अस्थायी शौचालयको व्यवस्था गरेको | | |
| १३. | तोकिएको ढाँचाको सूचना पाटी राखेको | | |
| १४. | ढुवानी र ओसारपसार सम्बन्धी मापदण्डको पालना | | |
| १५. | तोकिएको बजार मूल्यको पालना | | |
| १६. | अन्य कुनै विषय | | |



CamScanner